म कुन अवस्थामा घरमै बस्नुपर्छ?

Akron Children's

मलाई ज्वरो आएको छ



शरीरको तापक्रम 100.4°F वा सोभन्दा बढी छ

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

कुनै पनि औषधिको प्रयोग बिना लगातार 24 घण्टासम्म ज्वरो नआएको भएमा (जस्तै: Tylenol, Motrin, Advil)।

मलाई एक पटकभन्दा बढी बान्ता भइरहेको छ



विगत 24 घण्टाको अवधिमा

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

लगातार 24 घण्टासम्म बान्ता नभएको भएमा।

मलाई एक पटकभन्दा बढी पखाला लागेको छ



विगत 24 घण्टाको अवधिमा

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

लगातार 24 घण्टासम्म पखाला नलागेको भएमा।

मेरो छालामा डाबर आएको छ



शरीरभरि आएको डाबरबाट पानी वा पिप बगेको, स्राव आएको वा साथमा ज्वरो पनि आएको अवस्था

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

छालामा कुनै डाबर नभएको वा ज्वरो पूर्ण रूपमा निको भएको अवस्थामा र आवश्यक परेको खण्डमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गराइसकिएको भएमा।

मलाई लगातार खोकी लागिरहेको छ



म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

मेरो खोकीले दैनिक सामान्य क्रियाकलापमा कुनै बाधा नपुर्‍याएको अवस्थामा र/वा मैले स्वास्थ्यकर्मीबाट विद्यालय जान अनुमति पाइसकेको भएमा।

मेरो आँखा पाकेको/ रातो भएको छ र आँखाबाट पिप/ पानी बगिरहेको छ



विगत 24 घण्टाको अवधिमा

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

स्वास्थ्यकर्मीबाट विद्यालय जान अनुमति पाएको अवस्थामा।

म अस्पतालमा भर्ना भएको थिएँ



विगत 24 घण्टाको अवधिमा

म निम्न अवस्थामा विद्यालय फर्कन तयार हुनेछु:

कुनै पनि औषधिको प्रयोग बिना लगातार 24 घण्टासम्म ज्वरो नआएको भएमा (जस्तै: Tylenol, Motrin, Advil)।

यदि तपाईंको बच्चालाई घाँटीको संक्रमण वा ब्याक्टेरियाको संक्रमण भएको छ भने, कम्तीमा 12-24 घण्टासम्म एन्टिबायोटिक औषधि खुवाइनसकेसम्म वा तपाईंको स्वास्थ्यकर्मीले बच्चालाई विद्यालय पठाउन अनुमति नदिएसम्म उनीहरू घरमै बस्नुपर्छ। तपाईंको बच्चा बिरामी हुँदा तुरुन्तै स्वास्थ्य परीक्षण गराउनुहोस् र विद्यालय फर्कने सम्बन्धमा आफ्नो स्वास्थ्यकर्मीको सल्लाह तथा सिफारिसहरूको पूर्ण पालना गर्नुहोस्।